THE WORLD BANK

Working for a World Free of Poverty

**प्रेस विज्ञप्ति**

# विश्व बैंकको नयाँ रणनीति
# लचकता, द्वन्द-संवेदनशीलता र विगतका सफलता आधार

**वासिंगटन डि.सी., जुन ४, २००९–** विकास र गरीबी न्यूनीकरणद्वारा दीगो शान्ति स्थापना गर्ने नेपालको प्रतिवद्धताले विश्व बैंक सञ्चालक समितिको आज यहाँ भएको छलफलमा बलियो समर्थन पाएको छ । छलफलको विषय नेपालका लागि आगामी दुई वर्षको अन्तरिम सहायता रणनीतिपत्र रहेको थियो ।

सन् २००६ नोभेम्बरमा बृहत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि हासिल भएका उल्लेख्य प्रगतिहरुको बैंकको रणनीतिपत्रले स्वागत गरेको छ । शान्ति प्रक्रियाका मूल विषयहरुका अतिरिक्त राज्य निर्माणका आधारशीला निर्मण, आर्थिक वृद्धि, र नेपालका गरीबलाई सुधारिएको आधारभूत सेवा प्रदान गर्नका लागि सहमति र एकता प्रवर्द्धनको पक्षमा यो रणनीति रहेको छ ।

'मुलुकले थुप्रै अप्ठ्यारा संक्रमणहरुलाई एकैसाथ पारलगाउँदै जानुपर्नेछ । चुनौतीहरु वास्तविक हुँदाहुँदै पनि संक्रमणकालले नयाँ नेपालतर्फ पदार्पण गर्ने नयाँ अवसर पनि प्रदान गरको छ, जुन नेपाल स्थिर र शान्तिपूर्ण, सबै नागरिकका लागि समावेशी, सम्पन्न र जनताप्रति उत्तरदायी हुनेछ,' अन्तरिम रणनीतिपत्रमा उल्लेख छ । नयाँ संविधान लेखन जारी रहेको र सन् २०११ मा निर्वाचन हुने अपेक्षा गरिएको लगायतका नेपालको वर्तमान संक्रमणात्मक प्रकृतिलाई दृष्टिगत गरी विश्व बैंक समूहले आर्थिक वर्ष २०१० र २०११ लाई समेट्नेगरी अन्तरिम रणनीतिपत्र तयार गरेको हो ।

"नेपालीहरुले आफ्नो सम्पूर्ण इतिहासमा उल्लेखनीय सहनशीलता प्रदर्शन गरेका छन् । तसर्थ, यो समय जोखिमहरुको मात्र नभएर ठूला सम्भावनाहरुको पनि हो," **विश्व बैंक नेपालकी निर्देशक सुसान गोल्डमार्क** भन्नुहुन्छ । "धेरैजसो परिवर्तनहरु दुई वर्षको अवधिमा सम्पन्न हुने छैनन् तापनि, यो अवधीमा मुलुकले शीन्त र आर्थिक विकासका भरपर्दा आधारहरु स्थापना गर्ने कार्यलाई निरन्तरता दिन सक्छ ।"

यो रणनीतिपत्रले बैंकको सहायता निरन्तरतालाई उल्लेख्यमात्रामा प्रतिविम्बित गर्छ । यसले विगतका सबल पक्षलाई जोड दिँदै आगामी अवसरहरुलाई सम्बोधन गर्न बढी लचकता प्रस्तुत गरेको छ । सबलता पर्दशन गरेका, स्थानीय स्तर सुहाउंदा कार्यान्वयन प्रक्रिया अपनाइएका र विगतमा सफलता पाएका क्षेत्रहरुमा यो विस्तारित हुनेछ । 'शान्ति चाल्नो' (पिस फिल्टर)को अवधारणा अवलम्वन गरी यो रणनीतिपत्रले द्वन्द्व र सामाजिक तनावका मूल कारणहरुप्रतिको बैंकको संवेदनशीलतालाई सुदृढ गर्न चाहेको छ ।

शान्ति र विकास प्रवर्द्धन गर्ने समग्र लक्ष्यलाई सघाउँदै रणनीतिपत्र तीनवटा सार विषयहरुको सेरोफेरोमा संगठित गरिएको छ । यी विषयहरु बैंक समूह र सरकारसँग दातृ निकाय एवं नागरिक

समाजको परामर्शका क्रममा प्रस्तुत र विकसित भएका हुन् । यी सार विषयहरु नेपाल सरकारका प्राथमिकताहरुसँग पनि संगतीपूर्ण छन् ।

पहिलो सार विषयले नयाँ नेपालका लागि आवश्यक पर्ने प्रणाली, संस्थाहरु र क्षमताको संयोजन र तिनको निर्माण गर्ने क्रममा राज्यले सामना गरिरहेका थुप्रै चुनौतीहरुलाई सम्बोधन गर्नेछ । दोस्रो, उत्पादन क्षेत्रले सामना गरेका, विशेषगरी उत्पादकत्व, सम्पर्क (कनेक्टिभिटी) र दिगोपनसँग सम्बन्धित अप्ठ्यारा र असजिलाहरु हटाउने कुरामा केन्द्रित रहनेछ । र तेस्रो, विशेषगरी गरीब र वञ्चितहरुका लागि अवसर र लाभ अभिवृद्धि गर्नसक्ने कार्यक्रम र गतिविधिहरुको विस्तार गर्न र प्रभावकारिता बढाउन केन्द्रित हुनेछ । नयाँ नेपालको आधारशीलाका रुपमा सामाजिक समावेशीकरण यी सबै सार विषयहरुका बीच समानरुपले समाहित रहनेछ । यी प्रत्येक सार विषयअन्तर्गत पनि यो रणनीतिले विशेष क्षेत्रहरुको पहिचान गरेको छ, जहाँ बैंक समूहले परिस्थितिमा फरक ल्याउन सक्ने अपेक्षा छ ।

आगामी दुइ वर्षमा विश्व बैंक समूहको छुटपूर्ण ऋण लगानी गर्ने निकाय–अन्तर्राष्ट्रिय विकास संस्था (आइडिए)को करिब ७८ करोड २० लाख अमेरिकी डलर बराबरको बजेट विनियोजनबाट नेपालले सम्भाव्य लाभ लिन सक्छ । यो रकमबाट प्रत्येक वर्ष चार-पाँचवटा नयाँ कार्यक्रमहरुमा लगानी हुनसक्छ । बैंक समूहको निजी क्षेत्र हेर्ने निकाय अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी)ले उचित लगानीको उपलब्धता र व्यावसायिक वातावरणमा सुधार भएमा वार्षिक औसत दुई करोड अमेरिकी डलरसम्मको प्रतिबद्धता दिने सम्भावना छ ।

बैंक सञ्चालक समितिले कृषिको व्यवसायीकरण र व्यापार आयोजनालाई पनि स्वीकृति दिएको छ । यो योजनाले २५ जिल्लाका छानिएका बस्तुहरुका मूल्य श्रृंखला(भ्यालु चेन)मा पर्ने साना किसान र कृषि व्यवसायको प्रतिस्पर्धी क्षमतामा सुधार ल्याउने लक्ष्य लिएको छ । यो आयोजना अन्तरिम रणनीतिपत्रको तेश्रो सार विषयसंग सम्वन्धित छ ।

यो आयोजना नाफायोग्य बजारमुखी उत्पादन एवं सुधारिएको बजार पहूच निर्माण गर्न कृषक समूह र सहकारीहरुलाई संलग्न गराउने गरी डिजाइन गरिएको छ । यसका लागि प्रविधि तथा सूचना, कृषि व्यवसायका लागि महत्वपूर्ण मानिने सार्वजनिक पूर्वाधार र सम्पर्कहरु माध्यम हुने छन् । यसले उत्पादक, प्रशोधक, व्यापारी र अरु सरोकारवालाहरुबीच सम्पर्क स्थापित गरी मूल्य श्रृंखलामा पर्ने उद्योगहरुकोस्तरमा साझेदारीको निर्माण र सुदृढ गर्न चाहेको छ । आयोजनाले कृषि र खाद्यबस्तु व्यापारमा विद्यमान अड्चनहरुलाई कम गर्न पनि सहयोग गर्नेछ । आन्तरिक र्‍यनिर्यात बजारका आवश्यकताहरु अनुरुप, सरसफाई, उत्पादनको स्वास्थ (फाइटो सानिटेशन) र खाद्य गुणस्तर मापदण्डहरु पूरा गर्न कृषक र कृषि व्यवसायको क्षमता आभिवृद्धिमा पनि आयोजनाले सघाउने छ ।

२ करोड अमेरिकी डलरको यो आयोजनामा १ करोड ७ लाख ऋण र ९३ लाख डलर अनुदानको रुपमा लगानी हुनेछ ।

नेपालमा बैंकका कार्यहरुबारे थप जानकारीका लागि कृपया http://www.worldbank.org.np मा हेर्नोस् ।